वर्ष ८, अंक ४
असार २०७४, June 2017

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

**प्रिय मित्रहरु,**



अध्यक्षको हैसियतमा मेरो कार्यकाल आउँदो २०७४ असार मसान्तमा पुरा हुने व्यहोरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु । मेरो कार्यकालमा संस्थाले महत्वपूर्ण उपलब्धी हासिल गरेतापनि हाम्रो प्रतिष्ठित संस्थालाई शैक्षिक तथा व्यावसायिकताको उत्कृष्ट केन्द्रको रूपमा स्थापित गर्न अझै धेरै काम गर्नुपर्ने मैले पाएको छु । हालसम्म सिकेका पाठहरू भविष्यमा संस्थाको विकासको निमित्त पथ प्रर्दशकको रूपमा रहनेमा मेरो विश्वास छ ।

विगत तीन महिनामा सम्पन्न कृयाकलापहरू बारेमा प्रस्तुत गर्नु पूर्व विगत एक बर्षमा भएका प्रमुख कार्यहरूको संक्षिप्त समीक्षा गर्न चाहन्छु । प्रमुख रूपमा यस अवधिमा जुलाई २०१६ मा साफा अन्तर्राष्ट्रिय सम्मेलन, जुलाई २०१६ मा पोखरा विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गत स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रममा NFRS र NSAs समावेश गर्न संझौता भएको, अक्टोवर २०१६मा ICAEW संग आपसी मान्यता सम्बन्धी संझौता भएको, जनवरी २०१७मा चार्टर्ड एकाउन्टेन्टहरूको प्रथम दीक्षान्त समारोह आयोजना गरिएको, बिभिन्न अन्तर्राष्ट्रिय स्तरमा भएका सम्मेलन तथा बैठकमा सहभागिता जनाएको र राष्ट्रिय स्तरमा भएका बिभिन्न सम्मेलन, कार्यशाला गोष्ठी, अन्तरक्रिया कार्यक्रमहरू सफलताका साथ सम्पन्न भएका थिए । आ.व २०७३/७४ मा भएका सम्पूर्ण कृयाकलापहरूको विस्तृत विवरणहरू नयाँ अध्यक्षले संस्थाको वार्षिक उत्सवको उपलक्षमा वार्षिक प्रतिवेदन मार्फत प्रस्तुत गर्नुनै हुनेछ ।

अव म यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सम्पन्न भएका प्रमुख कार्यहरूको विवरण यहाँहरू माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### विद्यार्थी मामिला तथा शैक्षिक कृयाकलाप

सिए शिक्षा प्राप्त गरी लेखाव्यवसायलाई आफ्नो कार्यक्षेत्र बनाउन चाहने विद्यार्थीहरूको लागि समय समयमा संस्थाले बिभिन्न सचेतना कार्यक्रमहरू गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाको Career Counseling Committee ले बिभिन्न कलेजका प्रधानाचार्य र लेखा विषयका शिक्षकहरू गरी कूल ४२ जनाको सहभागितामा आधा दिनको सिए सम्बन्धी चेतना मुलक कार्यक्रम संचालन गरेको थियो ।

संस्थाले अप्रिल २०१७ देखि जून २०१७ को अवधिमा कूल १३ हल परीक्षा र ३ पोष्टल परीक्षा संचालन गरेको थियो । यस अवधिमा कूल ४९२३ विद्यार्थीहरूले विभिन्न विषयको हल तथा पोष्टल परीक्षा दिएका थिए ।

### सदस्य तथा व्यावसायिक विकास

संस्थाले सधै आफ्ना सदस्यहरूको ज्ञान तथा सीप अद्यावधिक गर्ने कुरालाई प्राथमिकता दिने गरेको छ। सोही अनुसार समय समयमा काठमाडौं लगायत देशका बिभिन्न स्थानमा सदस्य सम्बन्धी बिभिन्न कृयाकलापहरू संचालन गर्दै आएको छ ।

त्यस्तै, अप्रिल २०१७ देखि जून २०१७ सम्मको अवधिमा संस्थाको आरए. क्षमता अभिबृद्धि समितिले चितवन, ईलाम, बिराटनगर, पोखरा र जनकपुरमा लेखापरीक्षण प्रणाली (Auditing System) सम्बन्धी दुई/दुई दिनको तालिम संचालन गरेको थियो ।

## संस्थागत कृयाकलाप सम्बन्धमा

### ISA सम्बन्धी तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले Institute of Chartered Accountants of India (ICAI) को प्राविधिक सहयोगमा २१ मे २०१७ देखि ३० मे २०१७ सम्म दश दिवशीय Information System Audit (ISA) सम्बन्धी तालिमको आयोजना गर्‍यो ।



ISA Course मा सहभागीहरूको सामूहिक तस्विर ।

यस तालिमको उद्देश्य संस्थाका सिए. सदस्यहरूलाई सूचना प्रविधिको लेखापरीक्षणमा सार्थक किसिमबाट आफ्नो सेवा प्रदान गर्न सक्षम तुल्याउनु रहेको थियो। भारतबाट आउनुभएका सम्बन्धित विषयका बिज्ञहरू श्री ओनकार नाथ, श्री एम.एस. मेहता र श्री एन.डी कुण्दुले श्रोत व्यक्तिका रूपमा संस्थाका सदस्यहरूलाई तालिम प्रदान गर्नुभएको थियो । कार्यक्रममा संस्थाले सहजकर्ताको भूमिका निर्वाह गरेको थियो ।

तालिमका सहभागीहरूले तालिम पश्चात योग्यता परीक्षा र २०१७ को अन्तमा Assessment Test दिन पाउने छन् ।

| Module | Theme | % Q's | Days | DATE |
|---|---|---|---|---|
| I | Primer on Information Technology IS Infrastructure & Emerging Technologies & Professional Opportunities in Information Technology | 20% | I | 21st May 2017 |
| 2 | Information Systems Assurance Services | 13% | I | 22nd May 2017 |
| 3 | Governance & Management of Enterprise Information Technology, Risk Management and Compliance Reviews | 13% | 2 | 23rd and 24th May 2017 |

त्यसैगरी, संस्थाले काठमाडौंमा ICAI को प्रविधिक सहयोगमा २१ देखि ३० मे २०१७ मा दश दिवशीय ISA तालिम कोर्ष संचालन गरेको थियो । सदस्यको Information System Audit सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने उद्देश्य राखी संचालित कार्यक्रममा ३९ जनाको सहभागिता रहेको थियो ।

## संस्थागत विकास सम्बन्धी कृयाकलाप

संस्थागत विकास अन्तर्गत संस्थाले बिभिन्न कृयाकलापहरू दक्षतापूर्वक संचालन गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाले कार्यरत कर्मचारीहरूको कार्यक्षमतामा अभिबृद्धि गर्न उत्प्रेरणा तथा सीप विकासका लागि मार्च ३१, २०१७ मा संस्थाको भवनमा आधा दिनको तालिम संचालन गरेको थियो ।

त्यसैगरी, संस्थाले २३ र २४ जून २०१७ मा भक्तपुरको नगरकोटमा Art of Visualization सम्बन्धी दुई दिवशीय आवासीय तालिम संचालन गरेको थियो । तालिमको उद्देश्य आफूले देखेका सपनाहरूलाई यथार्थमा रूपान्तरण गर्न, कार्यसम्पादनको अभिबृद्धि गर्न, तनावलाई न्यूनिकरण गर्न र गन्तव्य प्राप्तिको लागि प्रेरित गर्नु रहेको थियो । दुबै तालिम कार्यक्रममा संस्थाका अधिकांश कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

संस्थाले यस त्रैमासिकमा कार्यक्षमता मूल्याङ्कनको आधारमा २ जना कनिष्ठ सहायकलाई सहायकमा, २ जना कनिष्ठ सहायकलाई आन्तरिक प्रतिस्पर्धाको आधारमा सहायकमा र खुल्ला प्रतिस्पर्धाको आधारमा २ जना बरिष्ठ सहायक र ३ जना सहायकलाई संस्थामा नियुक्त गरी पदस्थापन गरेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र वीमा समितिको संयुक्त आयोजनामा काठमाडौंमा NFRS Implementation in Insurance Sector सम्बन्धी अर्ध दिवसीय अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१, (पाचौं संशोधन) अनुसार मान्यता प्राप्त विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्षे Internship लिनुपर्ने व्यवस्था अनुसार यस त्रैमासिकमा जम्मा २५ जनाले internship को लागि संस्थामा नाम दर्ता गराएका छन् ।

संस्थाले २०७४ असार ३१ गते छैठौं शाखाको रूपमा धनगढीमा आफ्नो शाखा बिस्तार गरेको छ। नयाँ शाखाबाट समेत कार्यको थालनी भैसकेको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

अन्तर्राष्ट्रिय गतिविधि तर्फ संस्थाले आफ्नो सहभागिता जनाउन यस त्रैमासिकमा निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्सालको नेतृत्वमा २४ देखि २७ मे २०१७ सम्म चाईनाको बेजिङ्गमा CAPA बार्षिक बैठक, CAPA बोर्ड बैठक र अन्य समिति बैठकहरूमा भाग लिन एक तीन सदस्यीय प्रतिनिधि मण्डल सहभागी भएको थियो ।

हामी एक्लैले थोरैमात्र काम गर्न सक्छौं भने संयुक्तभए धैरै गर्न सक्छौं । परिषद्का सदस्यहरूको सहयोग, संस्थाका कर्मचारीहरूको सहयोग, सरकारी निकायको सहयोगको साथै अन्य सरोकारवालाहरूको संयुक्त प्रयासबाट मेरो कार्यकाल सफल तुल्याउनु भएकोमा म उहाँहरू प्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै संस्थाको विकासमा सधैने विचलित नभै लागि रहने बिश्वस दिलाउन चाहन्छु।

अन्तमा, म संस्थाका नयाँ अध्यक्षलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै वहाँको कार्यकालको सफलताको लागि शुभेच्छा प्रकट गर्दछु ।

धन्यवाद ।

सिए. महेश खनाल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| 4 | Protection of Information Systems Infrastructure and Information Assets | 20% | 4 | 25th to 28th May 2017 |
| 5 | Systems Development: Acquisition, Maintenance and Implementation | 14% | Shifted to E-Learning | |
| 6 | Business Applications Software Audit | 13% | 1 | 29th May 2017 |
| 7 | Business Continuity Management | 7% | 1 | 30th May 2017 |

यस तालिममा जम्मा ३९ जनाको सहभागिता रहेको थियो ।

## वीमा कम्पनीहरुमा NFRS कार्यान्वयन सम्बन्धी अन्तरक्रिया

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र वीमा समितिको संयुक्त आयोजनामा ३ मे २०१७ मा आधा दिनको NFRS Implementation in Insurance Companies उपर काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाले सहभागीहरूको स्वागत गर्दै कार्यक्रम संचालन गर्नुको उद्देश्य बारेमा जानकारी गराउनु भयो ।



संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापा कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।

कार्यक्रममा विमक संघका अध्यक्ष सिए. विजय बहादुर शाह र वीमा समितिका सभापति श्री चिरञ्जीवि चापागाईले कार्यक्रमको महत्व बारेमा प्रकाश पार्नुभएको थियो । सिए. अमन उप्रेति र सिए. सुरेन्द्र श्रेष्ठले संयुक्त रूपमा NFRS Implementation in Insurance Companies विषय उपर कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्सालले कार्यक्रममका सहभागीहरू तथा अन्य उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



संस्थाका निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुहुँदै ।

कार्यक्रममा ५५ जनाको सहभागिता रहेको थियो । सन् २०१६/१७ देखि बीमा कम्पनीहरूमा NFRS अनिवार्य रूपमा लागु भईसकेको हुँदा सो विषय बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो ।

## महालेखापरीक्षकसंग सौहार्द भेट

संस्थाका पदाधिकारीहरूद्वारा नव नियुक्त माननीय महालेखापरीक्षक श्री टंकमणी शर्माज्यूलाई २३ मे २०१७ (२०७४ जेष्ठ ९)मा भेटघाट गरी उहाँलाई बधाई दिँदै उहाँको कार्यकालको सफलताको लागि शुभेच्छा व्यक्त गर्नुभएको थियो । सौहार्दपूर्ण भेटमा संस्थाको तर्फबाट अध्यक्ष सिए. महेश खनाल, उपाध्यक्ष सिए. प्रकाशजंग थापा, निमित्त कार्यकारी निर्देशक श्री विनोदप्रसाद न्यौपाने रहनुभएको थियो ।



माननीय महालेखापरीक्षकका साथ संस्थाका पदाधिकारीहरू ।

उक्त भेटघाटको अवसरमा संस्था तथा महालेखापरीक्षकको कार्यालय वीचको आपसी सहयोग, वित्तीय अनुशासन लगायत लेखापरीक्षणमा नैतिकता कायम राख्ने विषयमा समेत छलफल भएको थियो । उक्त भेटघाटको क्रममा Nepal Financial Reporting Standards (NFRS) तथा Nepal Public Sector Accounting Standards (NPSAS) का सम्बन्धमा विशेष छलफल भएको थियो । साथै दुवै संस्था निकट भविष्यमा संयुक्त रूपमा कार्यक्रम संचालन गर्ने बारेमा सकारात्मक रहेका थिए ।

## क्षमता अभिबृद्धि तालिम

आरए. क्षमता अभिबृद्धि समितिले संस्थाका आरए. सदस्यहरूको क्षमता अभिबृद्धिको लागि मार्च २०१७ देखि जून २०१७ को अवधिमा देशको विभिन्न स्थानमा दुई दिवशीय आरए. क्षमता अभिबृद्धि तालिम संचालन गऱ्यो । उक्त अवधिमा लेखापरीक्षण प्रणाली (Auditing System) सम्बन्धी तालिम चितवन, ईलाम, बिराटनगर, पोखरा र जनकपुरमा संचालन गरिएको थियो । उक्त तालिमको संक्षिप्त विवरण निम्न अनुसार रहेको छ ।

| स्थान | चितवन | ईलाम | विराटनगर | पोखरा | जनकपुर |
|---|---|---|---|---|---|
| मिति | २१ र २२ अप्रिल, २०१७ | ३ र ४ जुन, २०१७ | १७ र १८ जुन, २०१७ | १७ र १८ जुन, २०१७ | ८ र ९ जुलाई, २०१७ |
| सहभागी संख्या | ३१ | २५ | २१ | २५ | ३० |
| श्रोत व्यक्ति | सिए. नन्द किशोर शर्मा | सिए. नन्द किशोर शर्मा | सिए. नन्द किशोर शर्मा | सिए. चन्द्रकान्त भण्डारी | सिए. निर्मल बर्तौला |

## सिए शिक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको Career Counseling Committee ले २१ अप्रिल २०१७ मा काठमाडौंमा एक अर्ध दिवसीय सिए शिक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रम संचालन गऱ्यो ।



सचेतना कार्यक्रमको एक दृष्य ।

कार्यक्रम संचालन गर्नुको उद्देश्य बिभिन्न कलेजहरू मार्फत सिए शिक्षा प्राप्त गर्न चाहने बिद्यार्थीहरूलाई सिए शिक्षाको महत्वका बारेमा जानकारी गराउनु रहेको थियो । बिभिन्न कलेजका प्रधानाचार्य र लेखा विषयका शिक्षकहरू गरी कूल ४२ जनाको सो कार्यक्रममा सहभागिता रहेको थियो ।

## कर्मचारी तालिम

२३ र २४ जून, २०१७ मा संस्थाले भक्तपुरको नगरकोटमा Art of Visualization सम्बन्धी दुई दिवसीय आवासीय तालिम संचालन गऱ्यो । उक्त आवसीय तालिममा श्रोत व्यक्तिको रूपमा श्री प्राथमिक न्यौपाने र जीवन सुवाल रहनुभएको थियो । उक्त तालिमबाट सहभागीहरूलाई उच्चतम आत्मविश्वासका साथ आफ्नो भविष्यको लक्ष्य कसरी प्राप्त गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।



कर्मचारी तालिमका सहभागीहरूको श्रोत व्यक्तिका साथ सामूहिक तस्विर ।

त्यसैगरी, संस्थाले आफ्ना कर्मचारीहरूको संचार सीपको विकास साथै मनोवल बढाउने उद्देश्यका साथ संस्थाको सातदोवाटो स्थित भवनमा ३१ मार्च २०१७ आधा दिनको एक उत्प्रेरणामूलक तालिमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा श्रोत व्यक्तिको रूपमा सिए. विष्णु प्रसाद भण्डारीले कर्मचारीहरूलाई तालिम प्रदान गर्नुभएको थियो । उहाँले तालिम अवधिमा आफूलाई उत्प्रेरित गराउने किसिमका विभिन्न महत्वपूर्ण तत्वहरूको वारेमा जानकारी गराउनुका साथै आफ्नो सीप विकासमा गर्नुपर्ने कर्तव्यको बोध गराउनुभएको थियो ।

संस्थामा कार्यरत अधिकांश कर्मचारीहरूले उक्त दुबै तालिम कार्यक्रममा सहभागिता जनाएका थिए । उक्त तालिम कार्यक्रममा संस्थाका निमित्त कार्यकारी निर्देशक लगायत अन्य अधिकृतहरूको समेत सहभागिता रहेको थियो । कार्यक्रम पश्चात सहभागीहरूबाट लिईएको पृष्टपोषण

(feedback) अनुसार कर्मचारीहरूले जीवनमा सफलताको लागि यस्ता तालिमहरू उपयोगी रहेको विचार व्यक्त गरेका थिए ।

### नयाँ कर्मचारीको नियुक्ती तथा कर्मचारीहरुको बढुवा

संस्थाले मे २०१७ मा आन्तरिक बढुवा, आन्तरिक प्रतिस्पर्धा र खुल्ला प्रतिष्पर्धा मार्फत संस्थाका कर्मचारीहरूको बढुवा तथा नयाँ नियुक्ती गरेको छ । संस्थाले दुई कनिष्ठ सहायकलाई सहायकमा आन्तरिक बढुवा, दुई कनिष्ठ सहायकलाई सहायकमा आन्तरिक प्रतिस्पर्धाद्वारा बढुवा र खुल्ला मार्फत दुई बरिष्ठ सहायक र तीन सहायकको नयाँ नियुक्ती गरेको छ ।

## बिद्यार्थी मामिला

### बिद्यार्थी भर्ना स्थिति

बिद्यार्थी भर्ना लेखाव्यवसायमा संग्लग्न हुन चाहने बिद्यार्थीहरूको निमित्त चार्टर्ड एकाउन्टेन्सी कोर्ष आकर्षक कोर्षको रूपमा रहदैं आएको छ । अप्रिल २०१७ देखि जून २०१७ सम्ममा कूल ३४६ नयाँ बिद्यार्थीहरूले सिए तथा लेखाप्राविधिज्ञ कोर्षका बिभिन्न तहमा आफ्नो नाम दर्ता गराएका छन् ।

### हल तथा पोष्टल परीक्षा सम्बन्धमा

संस्थाले अप्रिल २०१७ देखि जून २०१७ को अवधिमा कूल १३ हल परीक्षा र ३ पोष्टल परीक्षा संचालन गऱ्यो । संस्थामा दर्ता भएका बिद्यार्थीहरूले अन्तिम परीक्षामा समेल हुन सम्बन्धित तहको हल तथा पोष्टल परीक्षा अनिवार्य रूपमा उत्तीर्ण हुनुपर्ने व्यवस्था छ । तीन महिनाको अवधिमा कूल ४९२३ बिद्यार्थीहरू विभिन्न विषयको हल तथा पोष्टल परीक्षामा सामेल भएका थिए ।

### विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्नेहरुको लागि एक बर्षे Internship

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (पाँचौं संशोधन) को नियम ४१ (क) ले विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्षे Internship गर्नुपर्ने व्यवस्था गरेको छ । अप्रिल २०१७ देखि जून २०१७ सम्म भारतको ICAI बाट परीक्षा उत्तीर्ण गरेका कूल २५ जनाले एक बर्षे Internship को लागि आफ्नो नाम दर्ता गराएका छन् ।

### चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संचालन गरेको CAP I, CAP II र CAP III तहको परीक्षा जून १, २०१७ मा शुरू भई जून ९, २०१७ मा सम्पन्न भयो । संस्थाको केन्द्रीय कार्यालय लगायत संस्थाको शाखाहरूमा समेत परीक्षा संचालन गरिएको थियो । केन्द्रीय कार्यालयमा CAP I, CAP II र CAP III तीन तहको परीक्षा संचालन गरियो भने शाखा कार्यालयहरू पोखरा, विराटनगर र वीरगंजमा CAP I र CAP II तहका परीक्षा संचालन गरिएका थिए । परीक्षाको लागि आवेदन दिई परीक्षामा सामेल हुने परीक्षार्थीको तहगत संख्या निम्न अनुसार रहेको थियो ।

| तह | आवेदन/ सामेल | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| CAP I | आवेदन | ४६६ | | | ४६६ |
| | सामेल | ४४३ | | | ४४३ |
| CAP II | आवेदन | ७९३ | ३६४ | २९६ | १४५३ |
| | सामेल | ७५० | २८७ | २५० | १२८७ |
| CAP III | आवेदन | २१३ | २२२ | १४९ | ५८४ |
| | सामेल | २०९ | २०१ | १२३ | ५३३ |
| कूल | आवेदन | १४७२ | ५८६ | ४४५ | २५०३ |
| | सामेल | १४०२ | ४८८ | ३७३ | २२६३ |

कूल २५०३ परीक्षार्थीको आवेदनमा कम्तिमा एकवटा विषयको परीक्षामा सामेल हुने बिद्यार्थी संख्या २२६३ रहेको थियो ।

### सदस्यता परीक्षा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जून ५, २०१७ र जून ७, २०१७ मा सदस्यता परीक्षाको निमित्त अनिवार्य विषयहरू कर्पोरेट ल र एडभान्स टेक्सेसनको परीक्षा सम्पन्न गऱ्यो । उक्त परीक्षामा विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिई पेशागत प्रमाणपत्र प्राप्त गरेका २६१ जना कर्पोरेट ल र २५३ जना एडभान्स टेक्सेसनको परीक्षामा सामेल भएका थिए । जसमा २९२ जनाले कर्पोरेट ल र २९५ जनाले एडभान्स टेक्सेसनको लागि परीक्षा फारम भरेका थिए । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता प्राप्त गरेको व्यक्तिले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता परीक्षा अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्ने प्रावधान छ । सदस्यता परीक्षा उत्तीर्ण भएपछि मात्र ती परीक्षार्थीहरूले संस्थाको सदस्यताको लागि योग्यता प्राप्त गर्ने छन् ।

### करीयर काउन्सलिङ्ग

संस्थाले बिद्यार्थीहरूवीच सिए शिक्षाको महत्व बारे जानकारी गराउने उद्देश्यले देशका विभिन्न स्थानमा नियमित रूपमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गर्दैआएको छ । यसै क्रममा अप्रिल २०१७ देखि जून २०१७ को अवधिमा काठमाडौं उपत्यकामा करिव २००० जना र उपत्यका बाहिर करिव ६५० जनाले करीयर काउन्सलिङ्ग मार्फत सिए. शिक्षा सम्बन्धी जानकारी प्राप्त गरेका थिए ।

### लेखाप्राविधिज्ञ परीक्षाको परीक्षाफल प्रकाशित

लेखाप्राविधिज्ञ उप नियमावली २०६७ बमोजिम २०१७, मार्चमा संचालित लेखाप्राविधिज्ञ परीक्षाको परीक्षाफल ५ मे २०१७, मा प्रकाशित गरिएको छ । परीक्षाको नतिजा अनुसार दुई जना लेखाप्राविधिज्ञ परीक्षामा उत्तीर्ण भएका थिए ।

## सदस्य मामिला

### नयाँ दर्ता चार्टर्ड एकाउन्टेन्ट सदस्यहरु

नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली, २०६१ को दफा १६ (२) बमोजिम अप्रिल २०१७ देखि २०१७ जून सम्ममा कूल ६८ जनालाई संस्थाले चार्टर्ड एकाउन्टेन्टको सदस्यता प्रमाणपत्र प्रदान गरेको छ ।

| S. No | Mem No | Name |
|---|---|---|
| 1 | 1065 | NARAYAN KANDEL |
| 2 | 1066 | PRITHVI REGMI |
| 3 | 1067 | SANTOSH K.C. |
| 4 | 1068 | KAMAL PRASAD SHARMA |
| 5 | 1069 | ASHOK KUMAR MISHRA |
| 6 | 1070 | SAURAV LAL SHRESTHA |
| 7 | 1071 | SOMESH KUMAR ARYAL |
| 8 | 1072 | BIBEK ADHIKARI |

| | | |
|---|---|---|
| 9 | 1073 | DEEPAK GYAWALI |
| 10 | 1074 | RUPAK GAUTAM |
| 11 | 1075 | UTSAHA BHATTARAI |
| 12 | 1076 | RAHUL SAHEWALA |
| 13 | 1077 | SANJEEV DHAKAL |
| 14 | 1078 | MADAN POKHAREL |
| 15 | 1079 | MISAN MAHAT |
| 16 | 1080 | SANGAM ACHARYA |
| 17 | 1081 | NIL BAHADUR BARALI |
| 18 | 1082 | BIKASH TIWARI |
| 19 | 1083 | LAL BABU SAH |
| 20 | 1084 | SAURAV AGRAWAL |
| 21 | 1085 | OM PRASAD POUDEL |
| 22 | 1086 | RAJANI RAJ ACHARYA |
| 23 | 1087 | BIJAYA GAUTAM |
| 24 | 1088 | SAJANI ARYAL |
| 25 | 1089 | SHILU BHATTARAI |
| 26 | 1090 | MANDEEP BASHISTHA |
| 27 | 1091 | SURYA PRASAD SHARMA |
| 28 | 1092 | NETRA NATH CHALISE |
| 29 | 1093 | SANJEETA POKHAREL |
| 30 | 1094 | PRATIK KHANAL |
| 31 | 1095 | RAJEEV KUMAR RAUNIYAR |
| 32 | 1096 | MADHAB PYAKUREL |
| 33 | 1097 | SHRIYA SHRESTHA |
| 34 | 1098 | NABIN DHAUBANJAR |
| 35 | 1099 | SAJAL KUMAR SHRESTHA |
| 36 | 1100 | SUSHIL SAPKOTA |
| 37 | 1101 | PALLAV BHANDARI |
| 38 | 1102 | GANESH KADEL |
| 39 | 1103 | BHARAT NEPAL |
| 40 | 1104 | SUMIT BAJRACHARYA |
| 41 | 1105 | SANGAM SHARMA |
| 42 | 1106 | NABIN BHATT |
| 43 | 1107 | SADHANA SUBEDI |
| 44 | 1108 | ARJUN KUMAR GAUTAM |
| 45 | 1109 | RABIN BHATTARAI |
| 46 | 1110 | BABU RAM BHANDARI |
| 47 | 1111 | KAILASH KHATRI |
| 48 | 1112 | SHREEJANA MAHARJAN |
| 49 | 1113 | KESHAV ADHIKARI |
| 50 | 1114 | ALINA GHIMIRE |
| 51 | 1115 | PRADEEP BHATTARAI |
| 52 | 1116 | SUBASH DHAKAL |
| 53 | 1117 | SANTOSH SHRESTHA |
| 54 | 1118 | HIMANSI GUPTA |
| 55 | 1119 | SUNITA BISTA |
| 56 | 1120 | ABIRAL BAJRACHARYA |
| 57 | 1121 | MADAN ARYAL |
| 58 | 1122 | SANDHYA ATRI |
| 59 | 1123 | ANJILA GHIMIRE |
| 60 | 1124 | UTSAV DANGI |
| 61 | 1125 | PRISHAL POKHREL |
| 62 | 1126 | ANIL PAUDEL |
| 63 | 1127 | SHISHIR BHUSAL |
| 64 | 1128 | PRADIP PUDASAINI |
| 65 | 1129 | LAB BAHADUR RAWAL |
| 66 | 1130 | ARUN KUMAR SAH |
| 67 | 1131 | SAMARPAN KAFLE |
| 68 | 1132 | SAROJ ADHIKARI |

# अन्तर्राष्ट्रिय सम्बन्ध

## ICAN र ICAI का अधिकारीहरु वीच बैठक

संस्था तथा Institute of Chartered accountants of India (ICAI) का अधिकारीहरू वीच १२ जून २०१७मा दुई लेखाव्यावसायी संस्थाहरूवीच आपसी सम्बन्ध, सहयोग तथा पारस्परिक मान्यता आदि विषय उपर छलफल भएको थियो । मुम्वईमा भएको उक्त बैठकमा संस्थाका अध्यक्ष सिए. महेश खनाल, उपाध्यक्ष सिए. प्रकाशजंग थापा र निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल सहभागी हुनुभएको थियो ।

## CAPA बैठकमा सहभागिता

चीनको राजधानी बेईजिङ्गमा २४ देखि २७ मे २०१७ सम्म CAPA द्वारा आयोजना गरिएको CAPA General Annual Meeting, CAPA Board Meeting र अन्य समितिका बैठकहरूमा संस्थाको तीन प्रतिनिधि मण्डलले भाग लियो ।



CAPA बैठकका सहभागीहरूको सामूहिक तस्विर ।

प्रतिनिधि मण्डलका सदस्यहरूमा निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल, पार्षद्द्वय सिए. सुरेश देवकोटा र आरए. सूर्य प्रसाद अधिकारी रहनुभएको थियो ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको
## सदस्यहरूलाई नवीकरण सम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमवाली २०६१ को नियम ४६, ५० र ५९ बमोजिम आ.व. शुरु भएको ६० दिन भित्र सदस्यता र पेशागत प्रमाणपत्र तथा फर्म नवीकरण गराईसक्नु पर्ने र त्यस पछि थप ६० दिन सम्म १५ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्ने र त्यस पछि थप ६० दिन सम्म २५ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्ने व्यवस्था छ । साथै १८० दिन पछि स्वतः सदस्यता दर्ता किताबबाट नाम हट्ने व्यवस्था सोही नियमको ४७ मा भएको व्यहोरा समेत सदस्यहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

पेशागत प्रमाणपत्र नवीकरण गराउने सदस्यहरुले हालसालै खिचेको पासपोर्ट साईजको एक प्रति फोटो सहित आफू स्वयं उपस्थित भई निवेदन दिनुपर्नेछ ।

पेशागत प्रमाणपत्र नवीकरण गर्नको लागि चार्टर्ड एकाउन्टेन्ट र ख बर्गका दर्तावाला लेखापरीक्षक सदस्यले तीन वर्षमा ६० र प्रत्येक वर्ष १५ क्रेडिट आवर तथा ग र घ बर्गका दर्तावाला लेखापरीक्षक सदस्यले तीन वर्षमा ४० र प्रत्येक वर्ष १० क्रेडिट आवर वरावरको सि.पि.ई. पुरा गरेको हुनुर्नेछ । सदस्यता नवीकरण गराउने सदस्यहरुले ८ क्रेडिट आवर सि.पि.ई. पूरा गरेको हुनुपर्नेछ । सदस्यहरुले संस्थाको शाखा कार्यालय विराटनगर, वीरगंज, बूटवल, पोखरा तथा नेपालगंजबाट पनि नवीकरण गराउन सक्नुहुनेछ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
सातदोवाटो, ललितपुर । पो.ब.नं. ५२८९
फोन : ५५३०८३२, ५५३०७३०,
फ्याक्स: ५५५०७७४, web: www.ican.org.np

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२ ५५३०७३०
फ्याक्स: ००९७७ १ ५५५०७७४, इमेल: ican@ntc.ntc.np, वेवसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज, धनगढी